प्रस्ताव तथा निर्णयहरू

१. मूल समारोह समितिका पदाधिकारी र सदस्यहरूको जानकारी सम्बन्धमा

निर्णयः प्रत्येक वर्ष राष्ट्रिय शिक्षा दिवस मनाउन माननीय मन्त्रीज्यूको अध्यक्षतामा मन्त्रालयले नै मूल समारोह समिति गठन गर्ने अभ्यास रही आएकोले यस वर्ष पनि माननीय शिक्षा, विज्ञान तथा मन्त्री श्री अशोक कुमार राईज्यूको अध्यक्षतामा मूल समारोह समिति गठन गरी समितिका सदस्यहरूको परिचय गराइयो ।

२. राष्ट्रिय शिक्षा दिवस मनाउने सम्बन्धमा मन्त्रालयबाट हालसम्म भएका काम कारवाहीको विषयको जानकारी

निर्णयः नेपाल सरकार मन्त्रिपरिषद्ले मिति २०८०।०२।०९ को निर्णयबाट प्रत्येक वर्ष असोज २ गतेका दिन राष्ट्रिय शिक्षा दिवस मनाउने निर्णय भै आएपश्चात् नेपाल विद्या भूषण, नेपाल प्रविधि विद्या भूषण, नेपाल छात्रा विद्यापदक र राष्ट्रिय शिक्षा पुरस्कार सम्बन्धी निर्देशिका, २०७७ बमोजिम मन्त्रालयबाट भए गरेका कामको जानकारी उच्च शिक्षा महाशाखाका सहसचिवबाट प्राप्त भयो ।

३. राष्ट्रिय शिक्षा दिवस २०८० का लागि आदर्श वाक्य तय गर्ने सम्बन्धमा

निर्णयः प्रत्येक पटक मनाइने राष्ट्रिय शिक्षा दिवसमा आदर्श वाक्य तय गर्ने परम्परा रही आएको सन्दर्भमा सहसचिव डा. कमलप्रसाद पोखरेलको संयोजकत्वमा गठित कार्यटोलीले संकलन गरी संक्षिप्त सूची तयार गरी पेश गरेका आदर्श वाक्यको प्रस्तावमा छलफल भयो । यसमा समितिका सदस्यहरूबाट प्राप्त सुझावहरूलाई समेत समेटी ३ दिनभित्र अन्तिम टुङ्गो लगाउने जिम्मेवारी उक्त कार्यटोलीलाई नै दिने निर्णय गरियो ।

४. राष्ट्रिय शिक्षा दिवस मनाउन विभिन्न उपसमितिहरू गठन गर्ने सम्बन्धमा

राष्ट्रिय शिक्षा दिवस २०८० लाई भव्य र प्रभावकारी रूपमा मनाउन यसका विविध पक्षहरूमा हुने कामलाई व्यवस्थित र प्रभावकारी बनाउनको लागि देहायबमोजिमका समिति र उपसमितिहरू गठन गर्ने र जिम्मेवारी तोक्ने निर्णय गरियो ।

क) कार्यक्रम समन्वय समितिः

शिक्षा सचिवको संयोजकत्वमा विज्ञान प्रविधि सचिव, विश्वविद्यालय अनुदान आयोगका सदस्य सचिव र अन्य उपसमितिका संयोजकहरू रहेको कार्यक्रम समन्वय समिति गठन गर्ने। यस समितिलाई देहायका कार्यहरू तोक्ने:

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

दीपिक शर्मा
सह-सचिव

सुरेश अधिकारी
सचिव

श्री अशोक कुमार राई
माननीय मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि

१) सबै उपसमितिबाट हुने कार्यहरूको आवश्यक समन्वय, सहजीकरण र अनुगमन गर्ने,
२) निश्चित मापदण्डको आधारमा शैक्षिक क्षेत्रमा योगदान पुऱ्याएका प्राध्यापक, शिक्षक, प्रशिक्षक, कर्मचारी मध्येबाट छनौट गरी पुरस्कारका लागि सिफारिस गर्ने
३) अन्य भैपरि आउने विषयमा निर्णय लिने ।

ख) राष्ट्रिय शिक्षा पुरस्कार सम्बन्धी उपसमिति

निर्देशिकाले व्यवस्था गरेका विभिन्न समितिहरूबाट मन्त्रालयमा सिफारिस भै आउने विषयका साथै विभिन्न विद्यालय र प्राविधिक शिक्षालयहरूलाई राष्ट्रिय शिल्ड प्रमाणपत्र र नगद पुरस्कार राष्ट्रिय शिक्षा पुरस्कार सम्बन्धी मन्त्रालयले गर्नुपर्ने काममा सहजीकरण गर्न मन्त्रालयका योजना महाशाखाका सहसचिव डा. हरिप्रसाद लम्सालको संयोजकत्वमा उपसमितिका सदस्यहरू संयोजकले नै चयन गर्ने गरी एक उपसमिति गठन गर्ने । यस उपसमितिलाई देहायका कार्यहरू तोक्ने:

१) निर्देशिकाले तोकेबमोजिमका समिति र निकायले गर्ने सिफारिस समितिका कामलाई तोकिएबमोजिम र समयमा नै गर्नका लागि आवश्यक सहजीकरण गर्ने ।
२) पुरस्कृत हुने संस्था तथा व्यक्तिहरूको छनौट तोकिएको मापदण्डबमोजिम भए नभएको यकिन गर्ने र पुरस्कृत हुने संस्था र व्यक्तिको एकीकृत सूची तयार पारी मन्त्रालयसमक्ष पेश गर्ने ।

ग) कार्यक्रम व्यवस्थापन उपसमिति

राष्ट्रिय शिक्षा दिवसको उपलक्ष्यमा हुने मूल समारोहका साथै अन्य कार्यक्रमहरूको व्यवस्थापनलाई प्रभावकारी बनाउन मन्त्रालयका प्रशासन महाशाखाका सहसचिव भगवान अर्यालको संयोजकत्वमा उपसमितिका सदस्यहरू संयोजकले नै चयन गर्ने गरी कार्यक्रम व्यवस्थापन उपसमिति गठन गर्ने । यस उपसमितिलाई देहायका कार्यहरू तोक्ने:

१) मूल समारोहको कार्यक्रमस्थलको छनौट गरी व्यवस्थापकीय कार्यहरू गर्ने गराउने
२) राष्ट्रिय ध्वजा शिल्ड र पुरस्कारको व्यवस्थापन सम्बन्धी कार्य गर्ने गराउने
३) व्यवस्थापन सम्बन्धी अन्य कार्यहरू गर्ने

घ) शैक्षिक स्मारिका प्रकाशन उपसमिति

शैक्षिक स्मारिका प्रकासनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक श्री चुडामणि पौडेलको संयोजकत्वमा उपसमितिका सदस्यहरू संयोजकले नै चयन गर्ने गरी शैक्षिक स्मारिका प्रकाशन उपसमिति गठन गर्ने । यस उपसमितिलाई देहायका कार्यहरू तोक्ने:

राष्ट्रिय शिक्षा दिवसको उपलक्ष्यमा शैक्षिक लेख, रचना, शैक्षिक कार्यक्रम शैक्षिक गतिविधि एवम् शैक्षिक तथ्याङ्क जस्ता विषयवस्तु समावेश भएको शैक्षिक स्मारिका तयार गरी प्रकाशनको व्यवस्था मिलाउने ।

दीपक शर्मा
सह-सचिव

सुरेश अधिकारी
सचिव

श्री अशोक कुमार राई
माननीय मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

ङ) सौस्कृतिक कार्यक्रम उपसमिति

राष्ट्रिय शिक्षा दिवसको दिन मूल समारोहको कार्यक्रम स्थलमा विद्यार्थीहरूको सौस्कृतिक कार्यक्रम प्रदर्शनीको लागि आवश्यक व्यवस्था गर्न पाठ्यक्रम विकास केन्द्रका महानिर्देशकको संयोजकत्वमा उपसमितिका सदस्यहरू संयोजकले नै चयन गर्ने गरी सौस्कृतिक कार्यक्रम उपसमिति गठन गर्ने । यस उपसमितिलाई देहायका कार्यहरू तोक्नेः

मूल समारोहको कार्यक्रम स्थलमा विद्यार्थीका तर्फबाट प्रदर्शन गरिने गीत नृत्य एवम् सांस्कृतिक कार्यकम तयार गरी, गराइ प्रदर्शनको व्यवस्था मिलाउने

च) प्रचार प्रसार उपसमिति

राष्ट्रिय शिक्षा दिवसका अवसरमा हुने विविध कार्यक्रमहरूका विषयमा सूचना प्रवाह र प्रचार प्रसारका लागि मन्त्रालयका सहसचिव एवम् प्रवक्ता श्री दीपक शर्माको संयोजकत्वमा उपसमितिका सदस्यहरू संयोजकले नै चयन गर्ने गरी प्रचार प्रसार उपसमिति गठन गर्ने । यस उपसमितिलाई देहायका कार्यहरू तोक्नेः

१) राष्ट्रिय शिक्षा दिवसका विषयमा भैरहेका कार्यहरूको सञ्चार माध्यममा नियमित जानकारी गराउने

२) आवश्यकताअनुसार पत्रकार भेटघाटको प्रबन्ध गर्ने

३) रेडियो, पत्रपत्रिका तथा टेलिभिजनबाट लेख, रचना, समाचार आदिको प्रचार प्रसारणमा आवश्यक सहजीकरण र समन्वय गर्ने ।

५. राष्ट्रिय शिक्षा दिवस मनाउने सन्दर्भमा विभिन्न निकाय र तहलाई अनुरोध गर्ने

निर्णयः राष्ट्रिय शिक्षा दिवस २०८० लाई आदर्श वाक्यसमेतलाई आत्मसात गरी आआफ्नो तहबाट सप्ताहव्यापी कार्यक्रमहरू तय गरी मनाउन मूल समारोह समितिका तर्फबाट देहायबमोजिम अनुरोध गर्ने

१. प्रदेश स्तरमा शिक्षा दिवसका कार्यक्रमहरू तर्जुमा गरी सञ्चालन गर्न प्रदेश सरकार मुख्य मन्त्रीको कार्यालयलाई प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत् अनुरोध गरी पठाउने र प्रदेशका शिक्षा हेर्ने मन्त्रालयलाई शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले पत्राचार गर्ने ।

२. स्थानीय तहमा र विद्यालय तहमा शिक्षा दिवसका कार्यक्रमहरू तर्जुमा गरी सञ्चालन गर्न गराउन सबै स्थानीय तहहरूलाई अनुरोध गर्ने । यसमा आवश्यक सहजीकरणका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला समन्वय समिति महासंघ, नेपाल नगरपालिका सघ र गाउँपालिका राष्ट्रिय महासंघलाई समेत अनुरोध गरी पठाउने

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

दीपक शर्मा
सह-सचिव

सुरेश अधिकारी
सचिव

श्री अशोक कुमार राई
माननीय मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि

३. सबै विश्वविद्यालय तथा प्रतिष्ठानहरूले र ती विश्वविद्यालय र प्रतिष्ठानअन्तर्गतका आङ्गिक तथा सम्बन्धन प्राप्त कलेजहरूमा शिक्षा दिवस मनाउने व्यवस्थाको लागि विश्वविद्यालय अनुदान आयोगमार्फत् सबै विश्वविद्यालय र प्रतिष्ठानहरूमा लेखी पठाउन अनुरोध गर्ने

४. पोलिटेक्निक र प्राविधिक शिक्षालयहरूमा शिक्षा दिवसका कार्यक्रमहरू सञ्चालन गर्ने गराउने व्यवस्थाका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लाई अनुरोध गर्ने

५. विद्यालय तहमा, स्थानीय तहमा र जिल्ला तहमा र शिक्षा दिवसका कार्यक्रमहरू तर्जुमा गरी मनाउने सन्दर्भमा आवश्यक सञ्चार, समन्वय र सहजीकरणका लागि शिक्षा ~~विकास~~ तथा मानव स्रोत विकास केन्द्रले अन्य आवश्यक कार्यहरू गर्ने गराउने

६. शिक्षासँग सम्बन्धित अन्य सरोकारवाला संस्थाहरू, ट्रेड युनियनहरू र पेशागत संघ संस्थाहरू, गैहसरकारी संस्थाहरू सामाजिक संघसंस्थाहरूले आफ्नो अनुकूलता हेरी शिक्षा दिवसका कार्यक्रमहरू गर्न र विद्यालय तहदेखि मूल समारोहको कार्यक्रमहरूमा सहभागिताको लागि अनुरोध गर्ने

६. मूल समारोहको कार्यक्रम र प्रमुख अतिथि सम्बन्धमा

निर्णय: २०८० असोज २ गते हुने राष्ट्रिय शिक्षा दिवस मूल समारोहको कार्यक्रम सम्बन्धमा देहायबमोजिम गर्ने:

१) मूल समारोहको कार्यक्रममा प्रमुख अतिथिको रूपमा सम्मानीय प्रधानमन्त्रीज्यूलाई अनुरोध गर्ने। मूल समारोहको कार्यक्रम नेपाल प्रज्ञा प्रतिष्ठानको हलमा गर्ने ।

२) कार्यक्रमको विस्तृत कार्यतालिका र समय कार्यक्रम समन्वय समितिले टुङ्गो लगाउने।

३) मूल समारोहको कार्यक्रमको स्थान सहभागिता र समयलगायत अन्य कुनै विषयमा पुनर्विचार वा थप निर्णय गर्न आवश्यक भएमा समन्वय समितिले नै गर्ने ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

दीपक शर्मा
सह-सचिव

सुरेश अधिकारी
सचिव

श्री अशोक कुमार राई
माननीय मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि